# सानिमा माई हाइड्रोपावर लिमिटेड

## विक्रम सम्बत् २०८१ साल पौष महिना २८ गते आइतबार
## सेलिब्रेसन हाईट, सुकेधारा, काठमाण्डौमा सम्पन्न भएको
## तेह्रौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

१. **पृष्ठभूमि :**

सानिमा माई हाइड्रोपावर लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा मिति २०८१ साल पौष महिनाको २८ गते तद्नुसार १२ जनवरी, २०२५ मा सेलिब्रेसन हाईट, सुकेधारा, काठमाण्डौमा सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालकले कम्पनीका सञ्चालकहरू, उपस्थित शेयरधनीमहानुभावहरू तथा आमन्त्रित वर्ग र कम्पनीका पदाधिकारिहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई तेह्रौं वार्षिक साधारण सभामा स्वागत गर्नु भयो । साधारण सभाको अध्यक्षता कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूले गर्नु भए पश्चात् सभा सञ्चालन भएको थियो । साधारण सभामा सभा अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो, भने कम्पनी व्यवस्थापनको तर्फबाट यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला माई नगरपालिका स्थित माई (२२ मे.वा.) तथा माई क्यास्केड (७ मे.वा.) जलविद्युत आयोजना सम्बन्धी वस्तुस्थितिका साथै कम्पनीले शेयर पूँजीमा लगानी गरेको विभिन्न कम्पनीका जलविद्युत आयोजनाहरूको सञ्चालन तथा निर्माणको अवस्थाका सम्बन्धमा पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गरियो । यस पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरू उपर छलफल गरी प्रस्तावहरू पारित गरिएको थियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषय सूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १२:५० बजे सभा समापन भएको थियो ।

(क) **<u>सभाको सूचना तथा प्रकाशन</u> :**

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१ साल मंसिर २४ गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस तेह्रौं वार्षिक साधारण सभाको जानकारीका लागि २०८१ साल पौष ०१ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक तथा २०८१ पौष ०५ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा दोस्रो पटक र आयोजना स्थल इलाम जिल्लाबाट प्रकाशित हुने इलाम पोष्ट दैनिक पत्रिकामा कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गर्नुका साथै सभा सम्बन्धी सूचना इमेल तथा एसएमएस मार्फत जानकारी गराउनुका साथै यस कम्पनीको वेवसाईट www.maihydro.com मा पनि राखिएको थियो ।

(ख) **उपस्थिति :**

(अ) **सञ्चालकहरूको उपस्थिति :**

| | |
|---|---|
| श्री टेकराज निरौला | सञ्चालक/अध्यक्ष |
| श्री खेमराज लामिछाने | सञ्चालक-सदस्य |
| श्री बलराम पराजुलि | सञ्चालक-सदस्य |
| श्री भरत कुमार पोखरेल | सञ्चालक-सदस्य |
| श्री राजन प्रसाद अमात्य | सञ्चालक-सदस्य |
| श्री सिमरन कुमारी भिमसरीया | सञ्चालक-सदस्य |
| श्री महेश घिमिरे | सञ्चालक-सदस्य |

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

**(आ) पदाधिकारीहरूको उपस्थिति :**

| | |
|---|---|
| श्री गृष्म ओझा | महाप्रबन्धक |
| श्री क्रान्त श्रेष्ठ | कम्पनी सचिव |
| श्री निशा कुम्पाख | वित्त प्रमुख |

**(इ) विभिन्न निकायका पदाधिकारी/ प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री देवी प्रसाद सुवेदी | प्रतिनिधि कम्पनी रजिष्ट्रारको कार्यालय |
| श्री निकिता अग्रवाल | प्रतिनिधि, पिकेएफ टि.आर. उपाध्याय, चार्टड एकाउन्टेन्ट |
| श्री भिष्मराज चालिसे | प्रतिनिधि, सानिमा क्यापिटल लिमिटेड |

**(ई) शेयरधनीहरूको उपस्थिति :**

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या<br>(संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - १२५ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - ७१७ जना |
| ३. जम्मा उपस्थिति संख्या | - ८४२ जना |

**(ग) तेह्रौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**(क) साधारण प्रस्तावहरू**

१. तेह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तयि विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. एक जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने ।

५. शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरूलाई आ.व. २०८०/०८१ सम्मको वितरण योग्य सञ्चित खुद मुनाफाबाट चुक्ता पुँजीको १० प्रतिशत बोनस शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने ।

२. बोनस शेयर वितरणका लागि कम्पनीको अधिकृत, जारी तथा चुक्ता पुँजीमा वृद्धि गरी, सोही बमोजिम प्रबन्धपत्रको दफा ६ को (क), (ख) र (ग) संशोधन गर्ने ।

३. कम्पनीको पुँजी वृद्धि र प्रबन्धपत्रमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

४. समान उद्देश्य भएका अन्य कुनै उपयुक्त कम्पनीसँग गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने र यस कार्यका लागि नियमानुसारका आवश्यक सम्पूर्ण प्रक्रियाहरू अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

५. गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने प्रक्रिया लगायतका अन्य आवश्यक विषयका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने भएमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

(घ) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :

| विवरण | निष्काशित शेयर संख्या र शेयरधनी | स्वयम उपस्थित | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता | ३,३९,८१,७६१ | ६१,७२,०३१ | १,७४,१३,७५२ | २,३५,८५,७८३ | ६९.४१% |
| शेयरधनी संख्या | ६७,९८९ | १२५ | ७१७ | ८४२ | १.२४% |

२. सभाको वैधानिकता :

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयरधनीहरू स्वंयम वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको तेह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वंयम तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या ८४२ भएको र कूल बाँडफाँड भएको ६९.४१ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष घोषणा गरियो ।

(आ) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूले गर्नु भई, तेह्रौं वार्षिक साधारण सभा शुरू गर्न अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

३. सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भए पछि साधारण सभाका अध्यक्ष श्री टेकराज निरौलाज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नु भयो । साथै कम्पनीका वित्त प्रमुख श्री निशा कुम्पाखज्यूले यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला माई नगरपालिका स्थित माई जलविद्युत आयोजना (२२ मे.वा.) तथा माई क्यास्केड जलविद्युत आयोजना (७ मे.वा.) को हालको वस्तुस्थिति, मर्मत सम्भारका कार्यहरू, विद्युत उत्पादन तथा आम्दानी, कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यका साथै यस कम्पनीद्वारा शेयर पूँजीमा लगानी गरिएको विभिन्न प्रवर्द्धक कम्पनीहरूको सञ्चालनमा रहेको र निर्माणाधिन जलविद्युत आयोजनाहरूको निर्माण प्रगतिको जानकारीका लागि पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्धारा प्रस्तुतीकरण गर्नु भएको थियो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको २०८१ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८०/८१ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

गरियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको आ-आफ्नो राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्न अनुसार रहेको छः

**(अ) श्री उद्धव प्रसाद घिमिरे**

कम्पनीको वित्तीय विवरण राम्रो छ, तथापि थप सुधार आवश्यक छ । कम्पनीले नगद लाभांशका बापत दिनुभएको १०% बोनश शेयर दीर्घकालिन प्रतिफलका रूपमा राम्रो छ, सोका लागि धन्यवाद । यस कम्पनीले नेपाल सरकारको विद्युत सम्बन्धी नियमहरू पालना गरिरहेको पाएँ यसलाई निरन्तरता दिनुहोला । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गर्नुभएका कार्यहरू सह्रानीय छ यसलाई निरन्तरता दिँदै जानुहोला ।

(आ) सुदिप श्रेष्ठ

कम्पनी आ.व. २०८०/८१ का लागि शेयरधनिहरूलाई प्रदान गरेको प्रतिफलमा म निकै खुसी छु । यस कम्पनीले निर्धारित अवधि पश्चात कम्पनीका आयोजनाहरू सरकारमा हस्तान्तरण गर्नुपर्ने हुँदा शेयरधनीहरूको हितका लागि दीर्घकालिन रूपमा प्रतिफल प्रदान गरिरहने हेतुले विभिन्न आयोजनाहरूमा विचार पुर्याएर लगानी गरिएकोमा धन्यवाद । आगामी वर्ष पनि राम्रो प्रतिफलको अपेक्षा गर्दछु ।

**(इ) बैजुनाथ रौनियार**

कम्पनीले १० प्रतिशत बोनस शेयर  र बोनश शेयर वापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिसत नगत लाभांश प्रदान गरेकोमा व्यवस्थापन पक्षलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु । यस कम्पनीले आयोजना निर्माणका लागि लिएको ऋण अबको करिब ३ वर्षमा चुक्ता हुने देखियो जसले कम्पनीको सञ्चालन राम्रो रहेको संकेत गर्दछ । अन्य राम्रो कम्पनीहरूमा पनि लगानि गर्नुभएकोमा व्यवस्थापन तथा सञ्चालक समितिहरूलाई धन्यवाद ।

**(ई) इन्द्र प्रसाद लामिछाने**

यस सानिमा ग्रुपको शेयरधनी हुन पाउँदा गौरव मान्दछु । वार्षिक साधारण सभा आर्थिक वर्ष सकिको पहिलो त्रैमास भित्र गर्न सके राम्रो हुने थियो । यस कम्पनीले लगानी गरेका कम्पनीले आगामी वर्ष देखि प्रतिफल दिनसकोस् । विशेष प्रस्ताव अन्तर्गतको मर्जरको प्रस्ताव समयसापेक्ष भएतापनि विचार योग्य छ । अन्य मर्ज भएका बैंक तथा वित्तीय संस्थाहरूको मर्जर पश्चात वित्तीय अवस्था राम्रो नरहेको देखिएको हुदाँ राम्रोसँग विचार, मनन् र सजगता अपनाएर मात्र प्रकृया अगाडी बढाउनुहोला ।

**(उ) गोविन्द बहादुर के.सी**

कर सहितको लभांस बोनस शेयर दिएकोमा धन्यवाद । विषेश प्रस्ताव अन्तर्गत सनिमा ग्रुप अन्तर्गतका Sister company हरू एक आपसमा कानूनी रूपमा गाभ्न मिल्ने व्यवस्था छ वा छैन भन्ने कुरामा विचार गरी सो सम्बन्धमा प्रष्ट पारिदिनु होला ।

**(ऊ) श्री सत्रुघन श्रेष्ठ**

यस सानिमा माई हाइड्रोपावर कम्पनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा ख्याती प्रप्त उत्कृष्ट कम्पनी हो । यस वर्ष आएको बाढि र पहिरोबाट भएको क्षती बावजुद पनि अरू वर्ष जस्तै लाभांश वितरण गरेकोमा धन्यबाद व्यक्त गर्दछु । यस कम्पनीले वातावरण संरक्षण, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, सडक, आदिमा आयोजना क्षेत्रका स्थानीय जनतालाई गर्नु भएको सहयोग सराहनीय छ, यस्ता कार्यहरूलाई निरन्तरता दिनु हुनेछ भन्ने अपेक्षा गर्दछु ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

**(ऋ) श्री भक्ति प्रसाद उप्रेती**

बोनस शेयरका रूपमा १० प्रतिशत लाभांश वितरण गर्नु भएकोमा धन्यवाद । कम्पनीको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन हेर्दा आगामी २ देखी ३ वर्ष भित्रमा ऋण चुक्ता भईसक्ने देखियो । त्यस पश्चात अझ बढि राम्रो लाभांस प्राप्त गर्ने आशा राखेको छु । त्यसैगरी लेखापरीक्षकको सेवा शुल्क गत वर्षको तुलनामा धेरै उच्च देखिएको छ, यस बारे प्रष्ट पारिदिनु होला ।

**(ए) श्री दामोदर प्रसाद रेग्मी**

कम्पनीको आगामि वार्षिक साधरण सभा समयमै गर्नुहोला । १० प्रतिशत बोनश शेयर सँगै १० प्रतिशत नगद लभांश भएको भए राम्रो हुने थियो यसमा विचार पुर्याउनु होला । त्यसैगरी पुंजी व्यवस्थापन गर्दा नाफा भएको रकमलाई पुनः परिचालन गरी पुनः नाफा कमाउने हिसाबले लगानी गर्नका लागि निति बनाई कार्यान्वयन गर्न सुझाव गर्दछु । कम्पनीको उत्तरो उत्तर प्रगतिको कामना गर्दछु । धन्यवाद ।

**(ऐ) श्री कृष्ण प्रसाद अधिकारी**

१० प्रतिशत बोनस शेयरका लागि धन्यबाद आगामी वर्ष अझ बढि प्रतिफल प्राप्त गर्ने आशा गर्दछु । आवश्यकता अनुरूप मानव व्यवस्थापन समिति, जोखिम व्यवस्थापन समिति गठन गर्नु भएको रहेछ यो कुरा धेरै राम्रो छ । आगामी वर्ष देखि वार्षिक साधरण सभा चाँडै गर्नुहोला । यस कम्पनीको भविष्य उज्वल छ । दिन दुगना रात चौगुन, यसको प्रगति र सफलताको कामना गर्दछु ।

यसका साथै, शेयरधनी श्री डम्मरू बल्लभ घिमिरे, श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री उत्तम दत्त पाण्डे, श्री निरूपमा गुप्ता र श्री चन्द्र नारायण श्रेष्ठज्यूले लिखित राय-सुझाव पेश गर्नु भएको थियो ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा अध्यक्षज्यूको आज्ञाले कम्पनीका महाप्रबन्धक श्री गृष्म ओझाज्यूले जवाफ दिनु भयो ।

**श्री गृष्म ओझा - महाप्रबन्धक**

वार्षिक साधारण सभामा शेयरधनी महानुभावज्यूहरूले मन्तव्यको क्रममा राख्नु भएको अमुल्य सुझावहरूका लागि धन्यवाद दिंदै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा निम्नानुसार प्रष्ट पार्नु भयो ।

- आ.व. २०८१/८२ को लागि लेखापरीक्षकको पारिश्रमिकको सम्बन्धमा लेखाव्यवसायी फर्मको मापदण्ड तथा शुल्क सम्बन्धी निर्देशिका, २०७८ बमोजिम ५ अर्व भन्दा माथि १० अर्व सम्म कारोबार रकम भएको सूचीकृत तथा सार्वजनिक संस्थाहरूको न्यूनतम लेखापरीक्षण शुल्क रू. ५,००,०००/- हुने व्यवस्था भएको हुनाले सोही बमोजिमको लेखापरीक्षण शुल्क तोकिएको हो ।
- शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश रकमका सम्बन्धमा कम्पनीले निरन्तर प्रयास गर्दै आएको छ । सोका लागि शेयर रजिष्ट्रार सानिमा क्यापिटलसँग समन्वय गरी आयोजना क्षेत्रमा कार्यक्रम समेत गरिएको थियो । शेयरधनीको डिम्याट खाता नहुनु, शेयर अभौतिकिकरण नहुनु, बैंक खाता अद्यावधिक नहुनु आदि कारणले लाभांश रकम भुक्तानी हुन नसकेको हो । पहिले भन्दा बुझिलिन बाँकी रहेको लाभांश रकम यस वर्ष घटेकोले आउँदो वर्ष सो रकम घट्दै जाने आशा गरिएको छ ।
- कम्पनी गाभ्ने सम्बन्धमा हाल साधारण सभाबाट यस सम्बन्धी प्रस्ताव पारित भए पश्चात् यस सम्बन्धी प्रक्रियाहरू अगाडि बढाइने छ । हाल शुरूवाती चरणमा मात्र भएको र यस पश्चात् समिति

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

गठन गर्ने, Due Diligence Audit (DDA) लगायतका कार्य सम्पन्न गरि सकेपछि गाभ्ने गाभिने सम्बन्धमा अन्तिम निर्णयका लागि कम्पनीका सधारण सभामा प्रस्ताव पेश गरिने नै छ ।

- साधारण सभा पुसको अन्तिममा हुनुको कारण कम्पनीको केन्द्रीय कार्यालय स्थानान्तरण गर्नु परेको कारण काममा केही बाँधा अवरोध परेको कारण साधारण सभा केहि ढिलो हुन गएको हो ।

४. **सभाको निर्णयहरू :**

निर्णयार्थ तेह्रौं वार्षिक साधारण सभा समक्ष पेश भएका प्रस्तावहरू सभाको सर्वसम्मतीबाट निम्नानुसार पारित भए :

**(क) साधारण प्रस्तावहरूः**

१. **तेह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री टेकराज निरौलाज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदनमा छलफल भई सोमा उठेका जिज्ञासाहरूका सम्बन्धमा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ साल आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८१ साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८०/८१ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू पारित गरियो ।

३. **लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले आ.व. २०८०/८१ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था S.A.R. Associates, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रू. ५,००,०००/-(अक्षरेपी पाँच लाख मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०८१/८२ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

४. **एक जना स्वतन्त्र सन्चालकको नियुक्ति गर्ने ।**

यस कम्पनीका स्वतन्त्र सञ्चालक श्री महेश घिमिरेज्यूको कार्यकाल यसै वार्षिक साधारण सभासम्म रहेकोमा कम्पनीको सञ्चालक समितिले निजलाई पुनः नियुक्तिका लागि सिफारिस गरेको हुँदा, यस कम्पनीको नियमावली तथा कम्पनी ऐन २०६३ को दफा ८६ बमोजिम विराटनगर म.न.पा. वडा नं. ४, मोरङ्ग घर भई हाल मध्यपूर थिमि न.पा.वडा नं. १५, भक्तपुर बस्ने श्री महेश घिमिरे आगामी कार्यकालका लागि यस कम्पनीको स्वतन्त्र सञ्चालकमा पुनः नियुक्ति गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

५. **शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।**

यस कम्पनीको सञ्चालक समितिमा शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकहरूको कार्यकाल पूरा भएको हुँदा, कम्पनीको यसै तेह्रौं वार्षिक साधारण सभाबाट शेयरधनीहरूको तर्फबाट १ (एक) जना महिला सहित ४ (चार) जना सञ्चालकहरूको

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

निर्वाचन/नियुक्ति प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तपसिल अनुसारका ४ (चार) जना मात्र शेयरधनीहरूबाट उम्मेदवारी दर्ता भई निज उम्मेदवारहरूको विरूद्धमा कुनै दावी विरोध समेत नपरेको र कुनै उम्मेदवारहरूले आफ्नो नाम फिर्ता नलिनु भएको हुँदा उहाँहरू निर्विरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ (चार) वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनु भएको व्यहोरा निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता भिमसेन बन्जाराले सभामा घोषणा गर्नु भयो र यस प्रस्तावलाई सभाको सर्वसम्मतिले पारित गरियो ।

**तपसिल**

| क्र.सं. | निर्वाचित सञ्चालकहरूको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १. | श्री खेम राज लामिछाने<br>पदमपुर-२ चितवन | |
| २. | डा. मणि राज पोखरेल<br>बुढानिलकण्ठ -४ काठमाडौ | |
| ३. | श्री रोहन सेढाई<br>भण्डारा-१ चितवन | |
| ४. | श्रीमती उसा खतिवडा<br>भोटेचौर- ७ सिन्धुपाल्चोक | महिला सञ्चालक |

**(ख) विशेष प्रस्तावहरू:**

**१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरूलाई आ.व. २०८०/०८१ सम्मको वितरण योग्य संचित खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने ।**

कम्पनीका शेयरधनीहरूलाई आ.व. २०८०/८१ सम्मको वितरण योग्य सञ्चित खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशतले हुने रू. ३३,९८,१७,६१०/- (अक्षरेपी तेत्तीस करोड अन्ठान्नब्बे लाख सत्र हजार छ सय दश) बराबरको बोनस शेयर प्रदान गर्न सञ्चालक समितिबाट साधारण सभा समक्ष सिफारिस भई सोही अनुसार प्रस्ताव गरिएकोमा प्रस्ताव बमोजिम यस तेह्रौं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरूलाई चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

**२. बोनस शेयर वितरणका लागि कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजीमा वृद्धि गरी, सोही बमोजिम प्रबन्धपत्रको दफा ६ को (क), (ख) र (ग) संशोधन गर्ने ।**

बोनस शेयर वितरण प्रयोजनका लागि कम्पनीको पूँजी वृद्धि गर्नु पर्ने भएकोले हाल कायम अधिकृत पूँजी रू. ३,५०,००,००,०००/- (अक्षरेपी तीन अर्ब पचास करोड ) बाट वृद्धि गरी अधिकृत पूँजी रू. ३,७५,००,००,०००/- ( अक्षरेपी तीन अर्ब पचहत्तर करोड मात्र ) गर्ने र जारी तथा चुक्ता पूँजी रू. ३,३९,८१,७६,१००/- (अक्षरेपी तीन अर्ब उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) बाट वृद्धि गरी कम्पनीको जारी तथा चुक्ता पूँजी रू. ३,७३,७९,९३,७१०/- (अक्षरेपी तीन अर्ब त्रिहत्तर करोड उनासी लाख त्रियानब्बे हजार सात सय दश मात्र) गर्ने र सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६(क), ६(ख) र ६(ग) मा निम्नानुसार संशोधन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

**प्रबन्धपत्रको दफा ६(क), (ख) र (ग) को सट्टा देहाय दफा ६ (क), (ख) र (ग) कायम गर्ने :**

**६(क) कम्पनीको अधिकृत पुँजी रू ३,७५,००,००,०००/- (अक्षरेपी तीन अर्ब पचहत्तर करोड मात्र हुनेछ । सो पुँजीलाई प्रतिशेयर रू १०० /- दरका ३,७५,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।**

**६(ख) कम्पनीको जारी पुँजी रू. ३,७३,७९,९३,७१०/- (अक्षरेपी तीन अर्ब त्रिहत्तर करोड उनान्असी लाख त्रियानब्बे हजार सात सय दश मात्र) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रू. १००/- दरका ३,७३,७९,९३७.१ थान साधारण शेयरमा विभाजन गरिएको छ ।**

**६(ग) कम्पनीको चुक्ता पुँजी रू. ३,७३,७९,९३,७१०/- (अक्षरेपी तीन अर्ब त्रिहत्तर करोड उनान्असी लाख त्रियानब्बे हजार सात सय दश मात्र) हुनेछ ।**

३. **कम्पनीको पूँजी वृद्धि र प्रबन्धपत्र तथा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

कम्पनीको प्रबन्धपत्रमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

४. **समान उद्देश्य भएका अन्य कुनै उपयुक्त कम्पनीसँग गाभ्ने/ गाभिने वा एकीकरण (Merger) गर्ने र यस कार्यका लागि नियमानुसारका आवश्यक सम्पूर्ण प्रक्रियाहरू अगाडी बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

यस कम्पनीसँग समान उद्देश्य भएका अन्य जलविद्युत आयोजना प्रवर्द्धक कम्पनी गाभ्ने/गाभिने वा एकीकरण (Merger) गरेको खण्डमा कम्पनी तथा यसको जलविद्युत आयोजना सञ्चालन र व्यवस्थापनमा मितव्ययिता, दक्ष जनशक्ति परिचालन, जोखिमको न्यूनिकरण एवं संस्था आर्थिक तथा वित्तीय रूपमा मजबुत हुने लगायतका सकारात्मक उपलब्धीहरू हासिल हुन सक्ने भएकाले यस सम्बन्धमा आवश्यक अध्ययन, विश्लेषण गरी सोको नियमानुसारका आवश्यक प्रक्रियाहरू अगाडि बढाउने साथै, यसै प्रयोजनका लागि उपयुक्त जलविद्युत प्रवर्द्धक कम्पनी पहिचान गर्ने, चल अचल सम्पत्ती तथा दायित्व एवं कारोबारको मूल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, आवश्यकता अनुसार लेखापरीक्षक, परामर्शदाता नियुक्त गर्ने तथा निजहरूको पारिश्रमिक निर्धारण गर्ने, समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न तथा सोमा हस्ताक्षर एवं सोको कार्यान्वय गर्न, गराउन गठन गरिने समितिका लागि आधिकारिक व्यक्ति तोक्ने, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गर्ने, कानून बमोजिम सम्बन्धित नियामक तथा नियमनकारी निकायको सैद्धान्तिक सहमति/स्वीकृतिका लागि निवेदन दिने लगायत गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने सम्बन्धी नियमानुसारका आवश्यक प्रक्रियाहरू अगाडि बढाउनका लागि कम्पनीको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यहरू गर्न, गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

**५. गाभ्ने⁄गाभिने वा एकीकरण (Merger) गर्ने प्रक्रिया लगायतका अन्य आवश्यक विषयका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने भएमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

यस साधारण सभाबाट पारित विशेष प्रस्ताव नं. १ बमोजिम यस कम्पनीसँग समान उद्देश्य भएका अन्य जलविद्युत आयोजना प्रवर्द्धक कम्पनी गाभ्ने⁄गाभिने वा एकीकरण (Merger) गर्ने प्रक्रिया लगायत अन्य आवश्यक विषयका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु पर्ने भएमा आवश्यक संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**(ग) विविध ।**

विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्ताव नभएको हुँदा सो शिर्षकमा अन्य कुनै छलफल तथा निर्णय भएन ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको यस वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाउनु भएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस तेह्रौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

SANIMA MAI HYDROPOWER LIMITED. KATHMANDU sanima SMH

| | |
|---|---|
| ........................ | ........................ |
| क्रान्ति श्रेष्ठ | टेकराज निरौला |
| कम्पनी सचिव | अध्यक्ष |